बालमैत्री प्रकाशन

# संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ बारे जानकारी

बालबालिका, किशोरकिशोरी तथा बालक्लब/बालसमूहका सदस्यहरूलाई बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को बारेमा जानकारी दिने उद्देश्यले तयार गरिएको बालमैत्री प्रकाशन



EUROPEAN UNION

Save the Children

बालमैत्री प्रकाशन

# संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९

## बारे जानकारी

बालबालिका, किशोरकिशोरी तथा बालक्लब/बालसमूहका सदस्यहरूलाई बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को बारेमा जानकारी दिने उद्देश्यले तयार गरिएको बालमैत्री प्रकाशन

२०१३

पुस्तिका : संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ बारे जानकारी (बालमैत्री प्रकाशन)

सम्पादन : चन्द्रिका खतिवडा

चित्र/लेआउट : नवीन्द्रमान राजभण्डारी र राजन काफ्ले

प्रकाशक : कन्सोर्टियम, सिजप र सेभ द चिल्ड्रेन

आर्थिक सहयोग : युरोपियन युनियन

सर्वाधिकार © : सेभ द चिल्ड्रेन, २०१३

धन्यबाद : यो पुस्तिका संयुक्त राष्ट्रसंघको महासभाबाट पारित बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अंग्रेजी मूल प्रतिको आधार लिएका छौं । साथै, कुनै खण्डमा युनिसेफबाट तयार गरेको सूचनासामग्रीको पनि आधार लिएका छौं । यी स्रोतहरूप्रति हामी कृतज्ञता व्यक्त गर्दछौं ।

यो पुस्तिका नाफा नकमाउने उद्देश्यले जनचेतना र सार्वजनिक हितका लागि प्रकाशित गरिएको हो ।

## यो पुस्तिका वाहकको

नामथर: ..........................................................................

विद्यालयको नाम: .........................................................

पढिरहेको कक्षा: ............................................................

यदि बालक्लवको सदस्य भए :

बालक्लवको नाम: .....................................................

पद: .......................................

जिल्ला: ......................................

# मन्तव्य

Save the Children

सम्पूर्ण भाइबहिनीहरूलाई नमस्कार,

बालबालिकाको जीवनमा दीर्घकालिन एवम् सकारात्मक परिवर्तन ल्याउन बालअधिकारको सुनिश्चितता अपरिहार्य छ । सोका लागि सेभ द चिल्ड्रेनले नेपाललगायत विश्वका १२० जति देशहरूमा बालअधिकारका निम्ति कार्य गर्दै आएको सर्वविदितै छ । बालबालिकाको सहभागिताको अधिकारलाई सेभ द चिल्ड्रेनको कार्यगत सिद्धान्तको रूपमा अंगिकार गर्दै बालसहभागितालाई समुदायदेखि नीतिगततहसम्म नै प्रवर्द्धन गरिनुपर्ने कुरामा निरन्तर जोड दिँदै आएको छ ।

बालसहभागिता प्रवर्द्धनका लागि बालबालिकाले उचितरूपमा सूचना पाउनुपर्दछ । यसै सन्दर्भमा संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ बारे जानकारी दिनका लागि यो बालमैत्री पुस्तिका तयार पारिएको हो । यो पुस्तिकामा उजुरी प्रक्रियासम्बन्धी बालबालिकाले थाहा पाउनु पर्ने विषयहरू सरल भाषामा सचित्र प्रस्तुत गरिएको छ । यो पुस्तिका तपाईंहरू जस्तै बालबालिकासँग पटकपटक छलफल गरी तयार पारिएको हो ।

अन्त्यमा, यस बालमैत्री पुस्तिका तयार पार्ने बेलामा आफ्नो अमूल्य सुझाव दिई सहयोग गर्ने सम्पूर्ण भाइबहिनीहरूप्रति आभार प्रकट गर्दछु । साथै यो पुस्तिकालाई तपाईहरूको हातसम्म ल्याउनका लागि आर्थिक सहयोग प्रदान गर्ने युरोपियन युनियन, सहजीकरण गर्ने कन्सोर्टियम र सिजपलगायत यो बालमैत्री पुस्तिका तयार पार्ने चन्द्रिका खतिवडा र सम्पूर्ण टीमलाई विशेष धन्यबाद दिन्छु ।

जगत ब. खड्का
राष्ट्रिय उप-निर्देशक

# शुभकामना

CONSORTIUM
of Organizations Working for Child Participation

प्यारा भाइबहिनीहरु,
धेरै धेरै माया अनि शुभकामना !!

बालसहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल) सन् १९९९ देखि नै प्रत्येक परिवारदेखि राज्यसम्म बालसहभागितालाई सुनिश्चित गर्ने अभियानमा निरन्तर क्रियाशिल छ । बालसहभागिताको एउटा महत्वपूर्ण पाटो भनेको तपाईहरुसँग सम्बन्धित कुराको बारेमा तपाईहरुले बुझ्ने भाषामा सुसूचित हुन पाउनु पनि हो ।

यस कुरालाई मनन गर्दै कन्सोर्टियम, सिजप र सेभ द चिल्ड्रेनको संयुक्त प्रयासमा तपाईंहरु जस्तै बालबालिकासँगको छलफल पछि यो पुस्तिका तयार पारिएको हो । यस पुस्तिकामा संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ बारे सामान्य जानकारी तपाईंहरुले बुझ्ने भाषामा राखिएको छ ।

यस पुस्तिकालाई बालमैत्री बनाउनका लागि सुझाव दिई सहयोग गर्ने सम्पूर्ण भाइबहिनीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। यो पुस्तिकाको परिकल्पना गर्ने सेभ द चिल्ड्रेन र आर्थिक सहयोग गर्ने युरोपियन युनियनलाई म विशेष धन्यबाद दिन्छु । यो पुस्तिकालाई बालमैत्री भाषामा तयार पार्ने तथा बालबालिकासँगको परामर्शको सहजीकरण गर्नुहुने चन्द्रिका खतिवडा र अन्य सबै सहयोगी व्यक्तित्वहरु धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, यस पुस्तिका तयार गर्दा व्यवस्थापकीय जिम्मेवारी सम्हाल्नु भएका कन्सोर्टियम कार्यसमितिका सदस्यहरु तथा सचिवालयका कर्मचारी साथीहरुलाई पनि धन्यबाद दिन्छु ।

Jiyam Sh.

जियम श्रेष्ठ
अध्यक्ष





प्यारा भाइबहिनीहरू,

नमस्कार ।

आफूसँग सम्बन्धित कुराहरू जान्न र बुझ्न पाउनु तपाईंहरूको अधिकार हो । हामी, तपाईंहरूको त्यो अधिकारलाई सम्मान गर्दछौं । ल आउनुहोस्, यो सानो किताबमा तपाईं हामी मिलेर बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा व्यवस्था भएका बालअधिकारबारे जानकारी लिऔं ।

## यो सानो किताबमा के कुरा छ ?

यो सानो किताबमा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा व्यवस्था भएका बालअधिकारबारे जानकारी छ । यो महासन्धि सन् १९८९ को नोभेम्बर २० तारिखमा संयुक्त राष्ट्रसंघ महासभाबाट सर्वसम्मतरूपमा पारित भएको हो । यस महासन्धिलाई अंग्रेजीमा Convention on the Rights of the Child, 1989 भनिन्छ । र, छोटकरीमा CRC भनिन्छ । नेपालले यस महासन्धिलाई सन् १९९० को सेप्टेम्बर १४ तारिख (जसअनुसार वि.सं. २०४७ साल भाद्र २९ गते) अनुमोदन गरेको हो ।



## संयुक्त राष्ट्रसंघ भनेको के हो ?

संसारका सबैजसो देशहरू सदस्य भएको एक साझा संगठनलाई संयुक्त राष्ट्रसंघ भनिन्छ । तपाईंहरूले पक्कै पनि संयुक्त राष्ट्रसंघको बारेमा सुन्नुभएको छ होला, पढ्नुभएको छ होला । संयुक्त राष्ट्रसंघलाई





अंग्रेजीमा United Nations र छोटकारीमा UN भनिन्छ । अहिलेसम्म संयुक्त राष्ट्रसंघमा १९३ वटा देशहरु सदस्य भएका छन् । संयुक्त राष्ट्रसंघले संसारमा शान्ति फैलाउन र सबै मानिसहरुले मानवअधिकार पाउन सकून भनेर काम गर्दछ । संयुक्त राष्ट्रसंघको मुख्य कार्यालय संयुक्त राज्य अमेरिकाको न्यूयोर्क र स्वीट्जरल्याण्डको जेनेभा सहरमा छन् । अनि सबै सदस्य देशहरूमा संयुक्त राष्ट्रसंघको कार्यालय हुन्छ ।



नेपालमा चाहिँ पुल्चोक, ललितपुरमा संयुक्त राष्ट्रसंघको कार्यालय छ । संयुक्त राष्ट्रसंघ अन्तर्गत बालबालिकाका लागि काम गर्ने छुट्टै कार्यालय छ । त्यस कार्यालयलाई युनिसेफ भनिन्छ ।

## यो सानो किताव कसका लागि तयार गरिएको हो ?

हामीले यो किताब १२ वर्ष उमेर पूरा भएका र कम्तीमा ७ कक्षा पढ्दै गरेका तपाईं सबै बालबालिकाले पढ्न सक्ने गरी लेखेका छौं । यो किताबमा केही अवधारणाको परिभाषा तथा शब्दको अर्थ दिएका छौं । त्यसले तपाईंहरुलाई यो सानो किताब पढ्दा बुझ्न सजिलो हुन्छ भन्ने लागेको छ ।

तपाईं सबै बालबालिकालाई यस महासन्धिमा भएका व्यवस्थाहरूलाई सजिलै बुझ्न सघाउने उद्देश्यले हामीले यो बालमैत्री प्रकाशन ल्याएका हौं । यो किताब सेभ द चिल्ड्रेनले कन्सोर्टियम र सिजप भन्ने बालबालिकासँग काम गर्ने संस्थाहरूको सञ्जालसँग मिलेर बनाएको हो । यो किताब लेख्न र छाप्न लागेको खर्च युरोपियन युनियनले दिएको हो ।





तपाईं बालबालिकालाई पढ्न सजिलो हुने गरी यो किताब दाजु चन्द्रिका खतिवडाले लेख्नुभएको हो । उहाँलाई यो किताब लेख्न दाजु शिव बहादुर थापा, सुरेन्द्र रेग्मी र उमाकान्त चौधरीले सघाउनु भएको थियो । अनि यो किताबको चित्रहरु दाजुहरु नविन्द्र राजभण्डारी र राजन काफ्लेले बनाउनु भएको हो । यसको सजावट दाजु महेश कुँवरले गर्नुभएको हो ।

यो सानो किताबको पहिलो पानामा तपाईंको नाम, स्कूलको नाम, पढिरहेको कक्षा र बालक्लबको नाम ठेगाना लेख्ने ठाउँ छ । किताब हातमा पर्ने बित्तिकै आफ्नो नाम लेख्नुहोस् है । यदि तपाईंले दुई वा तीनवटा किताब पाउनुभयो भने आफ्नो सबभन्दा मिल्ने साथीको नाम, ठेगाना लेखेर उनलाई उपहार दिनुहोस् । साथीले पनि पढ्न पाउनुपर्‍यो नि !

यो किताबको अन्तिममा हामीले केही खाली पाना छोडेका छौं । ती पानाहरुमा यो किताब पढ्दा आफ्नो मनमा लागेका कुराहरु लेख्नुहोस् । लेखेको कुरा हामीलाई पनि पठाउनुहोस् । अनि, चिठी लेख्ने ठेगाना चाहिँ किताबको अन्तिममा दिएका छौं । चिठी लेख्दा यो सानो किताब पढ्दा आफूलाई मनमा लागेका कुराहरु लेख्नुहोस् है । किताब पढ्दा कुनै कुरा वा शब्द बुझिएन भने त्यो पनि लेखेर पठाउनुहोस् है । तपाईंको सल्लाह लिएर हामी यो सानो किताबमा अझ सुधार गर्दछौं ।

यो किताब लेखिसकेपछि हामीले १२ देखि १७ वर्षसम्मका ९५ जना बालबालिकालाई सहभागी गराएर कार्यशालाहरु सम्पन्न गरेका थियौं । त्यहाँ बालबालिकाले दिएका सुझावहरुलाई समावेश गरी हामीले यो किताबमा सुधार गरेका छौं । कार्यशालामा सहभागी सबै भाइबहिनीलाई हाम्रो धन्यबाद छ ।

ल त अब, बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का व्यवस्थाबारे जानकारी लिऔं ।





## बालअधिकारसम्बन्धी महासन्धि किन चाहिएको हो ?

महासन्धिको शुरूमा नै तलका कुराहरू उल्लेख गरिएको छ :

- सबै मानिसले सबै अधिकारहरू पाएमा विश्वमा न्याय र शान्ति स्थापना हुन्छ,
- सबैको मानवअधिकारको सम्मान भएमा सामाजिक प्रगति हुन्छ र स्तरीय जीवन जीउन सकिन्छ,
- सबै मानिसलाई जाति, रङ्, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचारका आधारमा भेदभाव नगरी सबै अधिकारहरू दिनुपर्दछ,
- बाल्यावस्था विशेष स्याहार र सहयोग प्रदान गर्नुपर्ने अवस्था हो । बालबालिकालाई जन्मनुअघि र जन्मेपछि पनि विशेष हेरचाह र स्याहार एवम् कानुनी संरक्षण चाहिन्छ,
- बालबालिकाको विकास र कल्याणका लागि परिवारको महत्वपूर्ण भुमिका हुन्छ । त्यसैले परिवारको संरक्षण गर्नुपर्दछ र उनीहरूलाई आवश्यक सहयोग गर्नुपर्दछ,
- बालबालिकाले अफ्नो व्यक्तित्व विकासका लागि परिवारमा मायाममताको वातावरणमा हुर्कन पाउनुपर्दछ,
- विश्वका सबै देशहरूमा के ही बालबालिका अति कठिन अवस्थामा बाँचेका छन् । उनीहरूलाई विशेष सहयो ग गर्नुपर्दछ र त्यसको लागि अन्तर्राष्ट्रिय सहयोग बढाउनुपर्दछ ।





## जान्नुपर्ने अवधारणा तथा शब्दार्थ :

**महासन्धि**

संसारका विभिन्न देशहरूमा लागू हुने गरी संयुक्त राष्ट्रसंघजस्ता अन्तर्राष्ट्रिय संस्थाले बनाएको अन्तर्राष्ट्रिय कानुनलाई महासन्धि भनिन्छ ।

**अनुमोदन**

कुनै पनि अन्तर्राष्ट्रिय सन्धि वा महासन्धिलाई आफ्नो देशमा लागू गर्ने प्रतिवद्धतासहित देशको तर्फबाट सरकारले लिखितरूपमा सहीछाप गरी जनाएको सहमतिलाई अनुमोदन भनिन्छ ।

## बालअधिकारसम्बन्धी महासन्धिका विभिन्न धारामा भएका बालअधिकारहरू

### धारा-१ : १८ वर्षसम्मका सबै व्यक्ति 'बालबालिका' हुन् ।

यस महासन्धिअनुसार १८ वर्षसम्मका सबै व्यक्तिलाई 'बालबालिका' भनिन्छ । यिनै बालबालिकाले महासन्धिमा व्यवस्था भएका सबै बालअधिकार पाउँदछन् ।

### धारा-२ : भेदभावबाट संरक्षित हुने बालअधिकार ।

सबै बालबालिकाले सबै बालअधिकारहरू सँधै पाउनुपर्दछ । महासन्धिमा व्यवस्था भएका सबै अधिकारहरू जुनसुकै जाति, धर्म, संस्कृति, विचार वा आर्थिक अवस्था भएको परिवारमा जन्मिएका बालबालिका हुन्, छोरा हुन् वा छोरी हुन्, अपांगता भएका हुन् वा साङ्गा हुन्, कुन भाषा बोल्दछन्, उनीहरूको क्षमता, योग्यता वा अनुभव के छ भन्ने कुनै पनि कुरामा भेदभाव नगरी सबै बालबालिकाले पाउँदछन् । सरकारले सबै बालबालिकालाई भेदभावबाट जोगाउनुपर्दछ ।





## धारा-३ : बालबालिकासँग सम्बन्धित सबै कार्यालय र व्यक्तिले बालबालिकाको सर्वोत्तम हितमा काम गर्नुपर्दछ ।

सबै सरकारी कार्यालय, अदालत, सामाजिक संस्थाहरू अथवा व्यक्ति सबैले बालबालिकाका सम्बन्धमा सबै काम गर्दा उनीहरूलाई के गर्दा सबभन्दा राम्रो हुन्छ भन्ने कुरामा ध्यान दिएर काम गर्नुपर्दछ । बाबुआमा वा जिम्मेवार वयस्कले बालबालिकाको स्याहारमा सकेसम्म राम्रो काम गर्नुपर्दछ र त्यसमा सरकारले सघाउनुपर्दछ ।

**जान्नुपर्ने अवधारणा तथा शब्दार्थः**

**सर्वोत्तम हित**

सबै सरकारी कार्यालय, समाजिक संस्था र व्यक्तिहरूले बालबालिकाको स्याहार र संरक्षणसँग सम्बन्धित सबै कामहरू गर्दा उनीहरूको तत्कालको र दीर्घकालिन हितलाई पहिलो प्राथमिकता दिनुपर्दछ। के गर्दा सबै बालबालिकाको अधिकारको रक्षा हुन्छ, हित हुन्छ उनीहरूका त्यही गर्नुपर्दछ। त्यसो गर्नु भनेको बालबालिकाको सर्वोत्तम हितको सम्मान गर्नु हो।

## धारा-४ : बालअधिकार लागू गर्ने जिम्मेवारी सरकारको हो ।

सरकारले देशका सबै बालबालिकाको सबै अधिकार लागू गर्नुपर्दछ । त्यसको लागि सरकारले आवश्यक कानुन बनाउने, कार्यालयहरू खोल्ने र काम गर्ने व्यक्तिहरूलाई तालिम दिनुपर्दछ ।

## धारा-५ : बालबालिकाको बढ्दो क्षमताअनुसार उचित मार्गदर्शन दिने जिम्मेवारी बाबुआमाको हो ।

बालबालिकाको बढ्दो क्षमतासँग मिल्नेगरी उचितरूपमा मार्गदर्शन दिई स्याहारसुसार गर्नु बाबुआमा र परिवारको जिम्मेवारी हो । यसको लागि सरकारले आवश्यक परेमा बाबुआमा र परिवारलाई सघाउनुपर्दछ ।





## धारा-६ : दीर्घजीवन र विकासको बालअधिकार ।

सबै बालबालिकालाई स्वस्थ भई बाँच्ने र आफ्नो विकास गर्न पाउने अधिकार छ । यसको लागि चाहिने सबै कुराहरू दिन सरकारले सकेसम्म बढी प्रयास गर्नुपर्दछ ।





## धारा- ७ : बालबालिकाको नाम र राष्ट्रियताको अधिकार ।

सबै बालबालिकालाई जन्मेपछि नाम राख्न पाउने अधिकार छ । सबै बालबालिकालाई जन्म दर्ता गर्ने, आफ्नो देश तथा आफ्नो बाबुआमाका बारेमा थाहा पाउने अधिकार छ । त्यस्तै बालबालिकालाई सकेसम्म अभिभावकबाट स्याहार पाउने अधिकार छ ।

## धारा- ८ : पहिचानको संरक्षणसम्बन्धी बालअधिकार ।

सबै बालबालिकाको नाम, राष्ट्रियता र पारिवारिक सम्बन्धसहितको जानकारीको रक्षा गर्ने काम सरकारको हो । कुनै कारणबस कोही बालबालिकाले आफ्नो पहिचानको अधिकार पाएका छैनन् भने उनीहरूको पुनर्स्थापना गर्न देशले सघाउनुपर्दछ ।

## धारा- ९ : परिवारसँग बस्न पाउने बालअधिकार ।

आफ्ना आमाबाबुसँग सँगै बस्न पाउनु सबै बालबालिकाको अधिकार हो । बालबालिकालाई नराम्रो हुने अवस्थामा बाहेक कोही बालबालिकालाई पनि आमाबाबुबाट अलग गर्नुहुँदैन । यदि कुनै बालबालिकाका आमा र बाबु छुट्टिएर बसेका छन् भने छोराछोरीलाई बाबु आमा दुवैसँग भेटघाट गर्ने अधिकार छ ।



## धारा- १० : बालबालिकाको परिवारमा फर्कन पाउने अधिकार ।

बाबुआमा र बालबालिका अलगअलग देशमा बसेको खण्डमा बालबालिका र बाबुआमा दुवै थरिलाई ती देशमा आवतजावत गर्ने अधिकार हुन्छ । यदि बालबालिका र बाबुआमाले एउटै देशमा बस्न खोजेमा सम्बन्धित देशको सरकारले त्यसमा सहयोग गर्नुपर्दछ ।





## धारा- ११ : अवैध स्थानान्तरणविरुद्ध र देशमा फर्कन पाउने बालअधिकार ।

कसैले पनि बालबालिकालाई अपहरण गरी, ललाईफकाई वा झुक्याएर विदेश लैजान पाइँदैन । त्यसलाई सरकारले रोक्नुपर्दछ । यदि कसैले कुनै बालबालिकालाई कानुन विपरीत विदेशमा पुऱ्याएको छ भने उनीहरूलाई फिर्ता ल्याउन सरकारले सक्दो प्रयास गर्नुपर्दछ ।

### जान्नुपर्ने अवधारणा तथा शब्दार्थ:

**अपहरण**

कसैले कुनै व्यक्तिलाई बाल प्रयोग गरी वा धम्की दिई, डरत्रास देखाई, हातहतियार देखाई, झुक्यानमा पारी वा नशालु पदार्थ सेवन गराई कुनै किसिमले नियन्त्रणमा लिई उनको मञ्जुरी बिना कुनै अर्को ठाउँमा लैजानु वा कब्जामा राख्नु नै अपहरण हो । नबालकलाई निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी बाहेक कुनै अर्को ठाउँमा लगेमा त्यसलाई अपहरण मानिन्छ (मुलुकी ऐन, २०२०, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको नं. १ अनुसार) ।

## धारा- १२ : आफ्नो विचार व्यक्त गर्ने र त्यसको सम्मान पाउने बालअधिकार ।

आफूलाई असर पार्ने कुनै पनि काम कुरा गर्दा तथा निर्णय गरिँदा बालबालिकालाई विचार व्यक्त गर्न पाउने अधिकार छ । बालबालिकाको यस्तो विचारलाई उनको बढ्दो उमेर, परिपक्वता र विकासको स्तरअनुसार मान्यता दिनुपर्दछ । बालबालिकालाई विचार व्यक्त गर्न अवसर दिनु सबैको कर्तव्य हो ।







## धारा- १३ : सूचनाजानकारी र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी बालअधिकार ।

सबै बालबालिकालाई उनको वा अरूहरूको अधिकार हनन् नहुने गरी जानकारी पाउने वा दिने तथा अभिव्यक्तिको अधिकार छ । बालबालिकाले आफ्नो मनमा लागेका कुरा बोलेर, लेखेर तथा कला वा साहित्यको माध्यमबाट अभिव्यक्त गर्न पाउँदछन् ।

## धारा- १४ : विचार, आस्था र धर्मको स्वतन्त्रतासम्बन्धी बालअधिकार ।

अरूको अधिकारमा बाधा नपुर्‍याउने गरी हरेक बालबालिकालाई कुनै विषयमा आफ्नो धारणा बनाउने र धर्म मान्ने स्वतन्त्रता छ । यसका लागि बाबुआमा वा अभिभावकले बालबालिकालाई सघाउनुपर्दछ ।

## धारा- १५ : संघसंस्था खोल्न पाउने बालअधिकार ।

बालबालिकालाई भेटघाट गर्न, संघसंस्था खोल्न र संघसंस्थामा भाग लिन पाउने अधिकार छ । यसो गर्दा अरूहरूको अधिकार हनन् गर्नुहुँदैन । सरकारले संघसंस्था खोल्न र शान्तिपूर्ण भेला हुन पाउने बालअधिकारको सम्मान गर्नुपर्दछ ।

## धारा- १६ : गोपनियताको संरक्षणसम्बन्धी बालअधिकार ।

हरेक बालबालिकालाई गोपनियताको अधिकार छ । कसैले पनि कानुन विपरीत बालबालिकाको आफ्नो निजीपना, घर र पत्राचारमाथि खोजिनीति गर्न र खुलासा गर्न पाउँदैन । सरकारले कानुन बनाएर बालबालिकाको निजीपना र पारिवारिक जीवनको संरक्षण गर्नुपर्दछ ।





## जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

**गोपनियता**

आफ्नो व्यक्तिगत जीवन, घरपरिवार र पत्राचार आदि जस्ता कुराहरूलाई गोप्य राख्नु नै गोपनियताको अधिकार हो। गोपनियता भित्र कुनै व्यक्तिको नीजि निर्णयहरूसमेत पर्दछन्। गोपनियताको अधिकार भएको विषयमा कानुन विपरीत कसैले पनि खोजबिन गर्न र चासो राख्न पाउँदैन।

### धारा- १७ : आमसञ्चारका माध्यमबाट सूचनाजानकारी पाउने बालअधिकार ।

रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेटजस्ता सञ्चारका माध्यमबाट सूचनाजानकारी पाउनु सबै बालबालिकाको अधिकार हो । बालबालिकाले सञ्चारमाध्यमबाट सही र उमेर सुहाउँदो गरी सूचनाजानकारी पाउनुपर्दछ । बालबालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूबाट आफ्नो हित हुने सूचनाजानकारी पाउनुपर्दछ । सरकारले बालबालिकालाई हानी पुर्‍याउने खालका सूचनाजानकारीमा रोक लगाउनुपर्दछ ।

### धारा- १८ : पालनपोषणमा बाबुआमा वा अभिभावकको जिम्मेवारी र त्यसमा सरकारको सहयोग ।

आफ्ना बालबालिकाको पालनपोषण गर्न बाबु र आमा दुवैको जिम्मेवारी हुन्छ । बाबुआमा वा अभिभावकले सधैं आफ्ना छोराछोरीलाई के गर्दा राम्रो हुन्छ भन्ने सोचविचार गरी काम गर्नुपर्दछ ।

सरकारले बाबुआमा वा अभिभावकलाई आवश्यक भएमा सबै खालका सेवा र सहयोग गर्नुपर्दछ ।

## धारा- १९ : सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण पाउने बालअधिकार ।




सबै बालबालिकालाई कुनै पनि प्रकारका शारीरिक वा मानसिक हिंसा, दुर्व्यवहार, बेवास्ता वा यौनशोषणबाट संरक्षण पाउने अधिकार छ । बालबालिकामाथि आफ्ना बाबुआमा, अभिभावक वा हेरचाह गर्ने व्यक्ति तथा अन्य जो कोहीबाट पनि हिंसा, दुर्व्यवहार, शोषण र बेवास्ता हुनसक्दछ । सरकारले बालबालिकाको संरक्षणको अधिकारको रक्षा गर्नुपर्दछ ।

### जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

**बालसंरक्षण**

बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा वौद्धिक विकासमा गम्भीर एवं नकारात्मक असर पार्ने खालका तथा निजमाथि हुने वा हुन सक्ने शारीरिक यातना तथा मानसिक पीडाजन्य कार्य वा व्यवहारबाट जोगाउनु बालसंरक्षण हो । बालसंरक्षणमा उनीहरूलाई जोखिममा पर्नै नदिन गरिने रोकथाम र दुर्व्यवहारमा परेका बालबालिकालाई दिइने सहयोग र पुनर्स्थापनासम्बन्धी कामहरू पर्दछन् ।





## धारा- २० : परिवारबिहीन बालबालिकाको संरक्षणको अधिकार ।

आफ्नो बाबुआमा वा परिवार नभएका बालबालिकालाई सरकारले विशेष संरक्षण गर्नुपर्दछ । सरकारले आभिभावकबाट स्याहारसुसार पाउन नसकेका बालबालिकालाई सकेसम्म उनीहरूको धर्म, सँस्कृति र भाषा मिल्दो गरी स्याहारसुसार गर्ने व्यवस्था गर्नुपर्दछ ।

## धारा- २१ : धर्मपुत्र, धर्मपुत्री लिने प्रक्रियामा बालअधिकारको सम्मान ।

जिम्मेवार सरकारी अधिकारीहरूले मात्र कुनै पनि बालबालिकालाई धर्मपुत्र, धर्मपुत्रीका रूपमा राख्न स्वीकृति दिन पाउँदछन् । धर्मपुत्र वा धर्मपुत्रीका लागि स्वीकृति दिँदा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्दछ । यसको लागि सरकारले कानुन बनाएर त्यहीअनुसार काम गर्नुपर्दछ । त्यस्तो नियमकानुनले आफ्नै देशभित्र वा अर्को देशमा धर्मपुत्र वा धर्मपुत्री राख्न दिएका बालबालिकाको संरक्षण गर्न सक्नुपर्दछ ।

### जान्नुपर्ने अवधारणा तथा शब्दार्थ:

**धर्मपुत्र वा धर्मपुत्री**

आफ्नो छोरा, छोरी नभएका व्यक्तिले अरूका छोरा वा छोरीलाई लिखत गरी छोरा वा छोरीका रूपमा लिनुलाई धर्मपुत्र वा धर्मपुत्री लिनुदिनु भनिन्छ । यसरी छोरा बनाएर लिएका बालकलाई धर्मपुत्र र छोरीलाई धर्मपुत्री भनिन्छ । धर्मपुत्र र धर्मपुत्रीको आफैंले जन्माएको छोरा वा छोरी सरह अंशको हक हुन्छ (मुलुकी ऐन, २०२० को धर्मपुत्र, धर्मपुत्रीको महलको नं. १ र ३ अनुसार) ।





## धारा- २२ : शरणार्थी परिवारका बालबालिकाको अधिकार ।

शरणार्थी भएका वा शरणार्थी हुन खोजेका बालबालिकाले अरू बालबालिकासरह समान अधिकार पाउनुपर्दछ । सरकारले बाबुआमासँग बिछोडिएका शरणार्थी बालबालिकाको सुरक्षा र संरक्षण तथा परिवारमा पुनर्मिलन गराउन सहयोग गर्नुपर्दछ ।

**जान्नुपर्ने अवधारणा तथा शब्दार्थ:**

**शरणार्थी**

कुनै जाति वा जनजातिको भएको वा राष्ट्रियताको कारण, धर्मको कारण, राजनीतिक आस्थाको कारण देशभित्र अनावश्यकरूपमा कारबाही गरिएको वा गर्ने शंका भएको भनी आफ्नो देश छोडी अरू देशमा शरण लिएका व्यक्तिहरूलाई शरणार्थी भनिन्छ ।

**परिवारमा पुनर्मिलन**

बाबुआमा, संरक्षक वा परिवारबाट कुनै कारणबस अलग हुन पुगेका बालबालिकालाई फेरि उनको बाबुआमा, संरक्षककहाँ वा परिवारमा फर्काउनु नै परिवारमा पुनर्मिलन हो ।

## धारा- २३ : अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण पाउने अधिकार ।

अपाङ्गता भएका बालबालिकालाई सक्रिय जीवन बाँच्नको लागि विशेष स्याहार, शिक्षा र तालिम पाउने अधिकार छ । कुनै पनि किसिमको अपाङ्गता भएका बालबालिकालाई सम्मानपूर्वक बाँच्ने अधिकार छ । सरकारले अपाङ्गता भएका बालबालिकालाई व्यक्तिगत जीवन, परिवार र समाजमा सक्रिय भूमिका खेल्न सक्ने गरी सकेसम्म नि:शुल्क सहयोग गर्नुपर्दछ ।





## धारा- २४ : स्वास्थ्य र स्वास्थ्यसेवा पाउने बालअधिकार ।

सबै बालबालिकालाई निरोगी भएर बाँच्न र बिरामी हुँदा उच्चस्तरको औषधिउपचार पाउने अधिकार छ । त्यसैगरी बालबालिकालाई शुद्ध पिउने पानी, पोषिलो खाना र स्वच्छ वातावरण पाउने अधिकार छ । बालबालिकाको स्वास्थ्य र स्वास्थ्यसेवामा धनी देशले आर्थिक अवस्था कमजोर भएका देशलाई सहयोग गर्नुपर्दछ ।

## धारा- २५ : राज्यको सुरक्षामा रहेका बालबालिकाको अवस्थाको आवधिक समीक्षा गर्नुपर्ने ।

स्याहार, संरक्षण तथा उपचारका लागि सरकारले बालबालिकालाई परिवारबाहेक अन्यत्र (जस्तैः बालगृह, बालसुधार गृह, अस्पताल आदि) राख्न सक्दछ । ती ठाउँमा बालबालिकाका लागि भएका व्यवस्थाबारे नियमित अनुगमन गर्नु सरकारको जिम्मेवारी हो ।



### जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

**राज्यको सुरक्षामा रहेका बालबालिका**

कानुनअनुसार अपराध हुने खालका कुनै काम गरेका बालक वा बालिकालाई बालसुधार गृहमा राख्न सकिन्छ । यसरी सरकारले आफ्नो नियन्त्रणमा राखेका बालबालिकालाई राज्यको सुरक्षामा रहेका बालबालिका भनिन्छ ।





**अनुगमन**

कुनै विषय वा कामका बारेमा सूचनाजानकारीको खोजी गर्ने र त्यसको अवस्था राम्रो वा नराम्रो के छ भनी जाँच गर्ने काम नै अनुगमन हो । अनुगमन कुनै निश्चित विषयमा, निश्चित ठाउँमा र निश्चित अवधिमा गरिन्छ ।

## धारा- २६ : सामाजिक सुरक्षा पाउने बालअधिकार ।

बालबालिकालाई सामाजिक सुरक्षा पाउने अधिकार छ । खासगरी आर्थिकरूपमा कमजोर परिवारका बालबालिकाको हकअधिकार सुनिश्चित गर्न सरकारले उनीहरूलाई सहयोग गर्नुपर्दछ । सरकारले लक्षित बालबालिका र परिवारलाई आर्थिक सहायता दिने र सामाजिक सुरक्षासम्बन्धी व्यवस्था गर्न कानुन बनाएर लागू गर्नुपर्दछ ।

**जान्नुपर्ने अवधारणा तथा शब्दार्थः**

**सामाजिक सुरक्षा/संरक्षण**


गरिबी कम गर्न तथा सामाजमा पछाडि परेका वा जोखिममा परेका ब्यक्ति तथा परिवारको सामाजिकस्तर उठाउन सरकारले दिने सबै किसिमका आर्थिक तथा भौतिक सहयोगलाई सामाजिक सुरक्षा/संरक्षण भनिन्छ । जस्तैः वृद्ध भत्ता, अपाङ्गता भत्ता आदि ।

## धारा- २७ : स्तरीय जीवन जिउने बालअधिकार ।

हरेक बालबालिकालाई स्तरीय जीवन बाँच्ने अधिकार हुन्छ । आफ्नो शारीरिक, सामाजिक र मानसिक विकासको आवश्यकता पूरा हुने गरी उनीहरूले खानेकुरा, लुगाफाटो र बस्ने ठाउँ पाउनुपर्दछ ।

बालबालिकाका यी अधिकार पूरा गर्ने जिम्मेवारी लिन नसक्ने परिवारलाई सरकारले सहयोग गर्नुपर्दछ ।

## धारा- २८ : बालबालिकाको शिक्षाको अधिकार ।



हरेक बालबालिकालाई पढन पाउने अधिकार छ । सरकारले कम्तीमा पनि प्राथमिकतह सम्मको शिक्षा अनिवार्य र नि:शुल्क बनाउनुपर्दछ । विद्यालयमा पढाउँदा वा अनुशासनको नियम लगाउँदा बालबालिकाको सम्मानमा ठेस पुऱ्याउनु हुँदैन । धनी देशहरूले आर्थिकरूपमा कमजोर देशलाई बालबालिकाका शिक्षामा सहयोग गर्नुपर्दछ ।

## धारा- २९ : बालबालिकाको शिक्षाको उद्देश्यहरू ।

शिक्षाको उद्देश्य हरेक बालबालिकाको व्यक्तित्व, प्रतिभा र क्षमताको पूर्ण विकास गर्न सघाउने हुनुपर्दछ । शिक्षाले बालबालिकालाई मानवअधिकारको सम्मान गर्न र आफ्ना बाबुआमा वा अभिभावकको मानमर्यादा गर्न सिकाउनुपर्दछ । त्यसरी नै शिक्षाले सबैको संस्कृतिको सम्मान गर्न, मानिसहरूबीच मित्रता बढाउन र वातावरण जोगाउन प्रोत्साहित गर्नुपर्दछ ।





## जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

### मानवअधिकार

हामी मानिसलाई सम्मानित भई बाँच्न आवश्यक पर्ने सबै अधिकारहरूलाई 'मानवअधिकार' भनिन्छ। मानवअधिकारभित्र खान, लगाउन, बस्न, हिँडडुल गर्न पाउने अधिकारदेखि लिएर कुनै कुरा वा जानकारी थाहा पाउने, सभा-सम्मेलनमा भाग लिन पाउने, समूह बनाउने, देशको सरकार चुन्न पाउने लगायतका अधिकारहरू पर्दछन्। यी सबै अधिकारहरू सबै मानिसले सधैं पाउँनुपर्दछ। यी अधिकार कसैलाई धेरै र कसैलाई थोरै नभई सबैले बराबर पाउनुपर्दछ। ठूला वा साना उमेरका, बालक वा बालिका, महिला वा पुरूष, हिमाल वा पहाड वा तराईमा बस्ने, हिन्दू, बौद्ध वा अन्य धर्म मान्ने तथा  बिभिन्न जातजातिका सबै मानिसले मानवअधिकार पाउनुपर्दछ। मानवअधिकारलाई लागू गर्न, गराउन देशभित्र र संसारभर कानुन बनाइएको हुन्छ। त्यस्तो कानुनलाई 'मानवअधिकार' कानुन भनिन्छ। त्यही कानुनअनुसार सबैले आ-आफ्नो अधिकार पाएका हुन्छन् र पाउनुपर्दछ।

बालबालिकाले भने आफ्नो उमेर र अवस्थाको कारण केही विशेष अधिकारहरू पनि पाउँदछन्। बाल्यकालमा नै पाउनु पर्ने त्यस्ता विशेष किसिमका अधिकारलाई 'बालअधिकार' भनिन्छ। नेपालको संविधान र अरू कानुनहरूमा बालअधिकारबारे लेखिएको हुन्छ।
त्यसरी नै संयुक्त राष्ट्रसंघले सन् १९८९ मा लागू गरेको बालअधिकारसम्बन्धी महासन्धिमा पनि बालअधिकारबारे लेखिएको छ।
यो त तपाईंहरू सबैलाई थाहा नै छ।





## धारा- ३० : आदिवासी, जनजातिका बालबालिकाको अधिकार ।

आदिवासी, जनजातिका बालबालिकालाई आफ्नो संस्कृति, धर्म मान्न र भाषा बोल्न पाउने अधिकार हुन्छ । जति थोरै संख्यामा भए पनि आदिवासी, जनजाति समुदायका बालबालिकालाई आफ्नो धर्म, संस्कृति मान्न र भाषा बोल्न रोक लगाउन पाइँदैन ।

**जान्नुपर्ने अवधारणा तथा शब्दार्थः**

**आदिवासी, जनजाति**

आफ्नो अलग्गै भाषा र संस्कृति भई फरक पहिचान भएका समुदाय तथा जातिलाई आदिवासी/जनजाति भनिन्छ । आदिवासी/जनजातिको आफ्नो लिखित तथा अलिखित इतिहास हुन्छ । आदिवासी/जनजाति कुनै ठाउमा लामो समयदेखि बसोबास गरिरहेका हुन्छन् ।

## धारा- ३१ : फुर्सद, खेलकूद र सांस्कृतिक क्रियाकलापसम्बन्धी बालअधिकार ।

हरेक बालबालिकालाई आराम गर्ने, खेल्ने अधिकार छ । बालबालिकालाई साँस्कृतिक र कलासम्बन्धी क्रियाकलापहरूमा भाग लिन दिनुपर्दछ ।

## धारा- ३२ : बालश्रमबाट संरक्षणको अधिकार ।

बालबालिकाको स्वास्थ्यमा, पढने अवसरमा र विकासमा बाधा पुऱ्याउने किसिमले श्रमिकका रूपमा काममा लगाउनुहुँदैन । सरकारले सबै बालबालिकालाई श्रमशोषणबाट जोगाउनुपर्दछ ।





## धारा- ३३ : लागूपदार्थको दुरूपयोगबाट बच्ने बालबालिकाको अधिकार ।

सरकारले बालबालिकालाई लागूपदार्थको प्रयोगबाट जोगाउनुपर्दछ । त्यस्तै, बालबालिकालाई लागूपदार्थको उत्पादन गर्ने र बिक्रीवितरण वा ओसारपसार गर्ने काममा लगाउनुहुँदैन । यसका लागि सरकारले कानुन बनाएर लागू गनुपर्दछ र समाजमा शिक्षा तथा चेतना फैलाउनुपर्दछ ।

## धारा- ३४ : सबै प्रकारको यौनदुर्व्यबहारबाट जोगिन पाउने बालअधिकार ।

हरेक बालबालिकालाई यौनदुर्व्यवहार तथा यौनशोषणबाट संरक्षण पाउने अधिकार छ । बालबालिकालाई वेश्यावृत्तिमा लगाउने तथा अश्लील चित्रणमा संलग्न हुनबाट जोगाउनुपर्दछ । सरकारले देशमा कानुन तथा कार्ययोजना बनाएर बालबालिकालाई यौनदुर्व्यबहार तथा यौनशोषणबाट संरक्षण गर्नुपर्दछ । यसको लागि अन्तर्राष्ट्रिय सहयोग पनि जुटाउनुपर्दछ ।

### जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

**यौनदुर्व्यवहार**

यौनदुर्व्यवहार भनेको यौन तथा संवेदनशील अङ्गमा छुनु, यौनसम्बन्ध राख्नु वा त्यस्तो प्रयास गर्नु, बलात्कार गर्नु, अश्लील चित्रणसमेत हो । १६ वर्षभन्दा माथिका व्यक्तिहरूसँग निजको मञ्जुरी नभई यौनक्रियाकलापमा संलग्न गराउनु यौनदुर्व्यवहार हो । बालबालिकाको हकमा भने उनको मञ्जुरी भए पनि वा नभए पनि उनीसँग यौनक्रियाकलाप गरेमा त्यो यौनदुर्व्यवहार हो ।

**यौनशोषण**

आर्थिक फाइदा वा नाफाको उद्देश्यले वेश्यावृत्तिमा लगाउने, यौनशोषणका लागि मानिसको बेचबिखन गर्नु र अश्लील चित्रणमा प्रयोग गर्नु यौनशोषण हो ।





**वेश्यावृत्ति**

पैसा वा अरू कुनै फाइदाका लागि यौनसम्बन्धी क्रियाकलापहरू कुनै पनि व्यक्तिलाई प्रयोग गर्ने कामलाई वेश्यावृत्ति भनिन्छ । कुनै बालबालिकालाई बेश्यावृत्तिमा लगाइएमा त्यसलाई बालवेश्यावृत्ति भनिन्छ ।

**अश्लिल चित्रण**

कुनै पनि व्यक्तिको नाङ्गो फोटो वा भिडियो खिच्ने, त्यसलाई बेच्ने वा प्रदर्शन गर्ने काम अश्लिल चित्रण हो । त्यस्तै अरू व्यक्तिका नाङ्गा फोटो वा भिडियोहरू वा यौनअंग वा यौनक्रियाकलाप झल्किने खालका सामानहरू अरू कसैलाई देखाउने कामसमेत अश्लिल चित्रण हो ।

**बेचबिखन**

कुनै पनि ब्यक्ति वा समूहले कुनै मानिसलाई पैसा वा कुनै फाइदाका लागि अर्को व्यक्तिलाई दिनुलाई बेचबिखन भनिन्छ ।

## धारा- ३५ : बेचबिखन र अपहरणबाट जोगिन पाउने बालअधिकार ।

सबै बालबालिकालाई कुनै पनि उद्देश्यले हुने बेचबिखन र अपहरणबाट संरक्षण पाउने अधिकार छ । सरकारले बालबालिकाको बेचबिखन र अपहरण हुन नदिन कानुन बनाउनुपर्दछ, कार्यक्रम लागू गर्नुपर्दछ ।

## धारा- ३६ : सबै किसिमको शोषणबाट संरक्षण पाउनु बालबालिकाको अधिकार हो ।




यस महासन्धिको धारा ३२, ३३, ३४ र ३५ मा समावेश नभएका तर बालबालिकालाई हानि पुऱ्याउने





खालका अन्य कुनै पनि प्रकारका शोषणहरूबाट सुरक्षित हुन पाउनु बालबालिकाको अधिकार हो । सरकारले कुनै पनि रूपमा हुने शोषणबाट बालबालिकालाई जोगाउनुपर्दछ ।

## धारा- ३७ : कठोर सजाय, यातना, जन्मकैद र मृत्युदण्डबाट संरक्षण पाउने बालअधिकार ।

बालबालिकालाई कठोर सजाय वा यातना दिन, जीवनभर जेलमा राख्न र मृत्युदण्ड दिन हुँदैन । बालबालिकालाई अन्तिम विकल्पका रूपमा सकेसम्म छोटो समयका लागि मात्र कानुनमा व्यवस्था भए बमोजिम पक्राउ गर्न र थुनामा राख्न पाइन्छ । यस्ता बालबालिकालाई वयस्कहरूसँग थुनामा राख्नुहुँदैन र उनीहरूलाई परिवारसँग भेटघाट गर्न दिनुपर्दछ ।

### जान्नुपर्ने अवधारणा तथा शब्दार्थ:

**जन्मकैद**

कुनै पनि व्यक्तिलाई उसले गरेको कुनै अपराध कार्यको सजायको रूपमा कानुनमा व्यवस्था भए अनुसार उसलाई बाँचुञ्जेल कैद गर्ने काम नै जन्मकैद हो ।

**मृत्युदण्ड**

कुनै पनि व्यक्तिले गरेको कुनै अपराध कार्यको सजायको रूपमा कानुनमा व्यवस्था भए अनुसार उसलाई मार्ने काम नै मृत्युदण्ड हो ।

## धारा- ३८ : युद्ध वा सशस्त्र द्वन्द्वमा प्रयोग हुनबाट जोगिन पाउने बालअधिकार ।

राज्यले १५ वर्षभन्दा मुनिका कुनै पनि बालबालिकालाई युद्धमा वा सशस्त्र द्वन्द्वमा भाग लिन दिनुहुँदैन । (सशस्त्र द्वन्द्वमा

बालबालिकाको प्रयोगविरूद्धको इच्छाधीन आलेख, २००० ले यहाँ उल्लेख गरिएको उमेरको हदलाई बढाएर १८ वर्ष बनाएको छ ।) बालबालिकालाई सशस्त्र सेनामा भर्ना गर्नुहुँदैन । सरकारले युद्ध वा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण एवम् सुरक्षा गर्नुपर्दछ ।





**जान्नुपर्ने अवधारणा तथा शब्दार्थ :**

**बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोग**

बालबालिकालाई द्वन्द्वरत पक्षहरूले आफ्नो स्वार्थ पुरा गर्न नियमित वा अनियमित फौज वा समूहमा कुनै पनि रूपमा समावेश गरिनु भन्ने बुझिन्छ । बालबालिकालाई यस्ता फौज तथा समूहमा भान्छे, भरिया, समाचार आदानप्रदान गर्ने वा यस्ता समूहको साथमा रहने (आफ्नै बाबुआमाका साथमा रहेका बाहेक) सबै बालबालिकालाई बालसैन्यका रूपमा परिभाषित गर्न सकिन्छ (केप टाउन प्रिन्सिपल) ।

**बालसैन्य**

देशको सेना, प्रहरी र सशस्त्र प्रहरीमा वा बिद्रोहीको सशस्त्र समूहमा १८ वर्ष उमेर नपुगेका कुनै पनि बालबालिकालाई भर्ना गर्न हुँदैन ।

कुनै देशको सेना, प्रहरी र सशस्त्र प्रहरीमा वा बिद्रोहीको सशस्त्र समूहमा भर्ना गरिएको १८ वर्ष उमेर नपुगेका बालबालिकालाई बालसैन्य भनिन्छ ।

## धारा- ३९ : पीडित बालबालिकालाई सामाजिक पुनर्स्थापनाको अधिकार ।

सरकारले सशस्त्र द्वन्द्व, यातना, हेला, दुर्व्यवहार र शोषणबाट पीडित बालबालिकाको सामाजिक पुनर्स्थापनाको व्यवस्था गर्ने जिम्मेवारी लिनुपर्दछ ।





## धारा- ४० : कानुनसँग बिवादमा परेका बालबालिकाका लागि न्याय ।

कुनै अपराध गरेको भनी आरोप लागेका बालबालिकालाई दोषी सावित नहुञ्जेल निर्दोष ठान्नुपर्दछ । सो बालक वा बालिकालाई लागेको आरोपबारे तुरून्त उनलाई र उनका बाबुआमालाई जानकारी दिनुपर्दछ । सरकारले त्यस्ता बालक वा बालिकालाई आफ्नो बचाउ गर्न कानुनी सहयोग दिनुपर्दछ ।

### जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

**पीडित (बालबालिका)**

कुनै घटना वा कार्यका कारण चोट पुगेको वा प्रभावित व्यक्तिलाई पीडित भनिन्छ । बालअधिकारको सन्दर्भमा जुन बालक वा बालिकाको अधिकार हनन् भएको हो उनलाई पीडित बालबालिका भनिन्छ ।

**कानुनसँग बिवादमा परेका बालबालिकाका**

कानुनले अपराध ठानेको काम कुनै बालबालिकाबाट हुन गएमा त्यसलाई बालबिज्याईं भनिन्छ । बालबिज्याईं गरेको भनी आरोप लागेका बालबालिकालाई कानुनसँग बिवादमा परेका बालबालिकाका भनिन्छ ।

**आरोप/उजुरी**

कुनै व्यक्तिले कानुनले अपराध ठानेको काम गरेको हो भनी प्रहरी कार्यालय वा अन्य यस्तै निकायमा भन्नु नै निजलाई आरोप लगाउनु हो । कानुनअनुसार न्याय पाउने उद्देश्यले कानुनले अपराध ठानेको काम गरेको हो भनी निजमाथि प्रहरी कार्यालय वा अदालतमा लिखित रूपमा जानकारी गराउने कामलाई उजुरी भनिन्छ । कहिले कहीं आरोप र उजुरी दुवै शब्दलाई समान अर्थमा प्रयोग गर्ने गरिन्छ ।





धारा- ४१ : विद्यमान मापदण्डको सम्मान ।


यदि कुनै देशको कानुन वा अन्य क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कानुनका प्रावधानहरू यस महासन्धिमा उल्लिखित अधिकारभन्दा माथिल्लो स्तरका छन् भने सरकारले ती प्रावधानहरूलाई नै लागू गर्नुपर्दछ । बालबालिकाको अधिकार कुनै पनि अवस्थामा घटाउन पाइँदैन ।

धारा- ४२ : महासन्धिबारे जानकारी दिने सरकारको जिम्मेवारी ।

यस महासन्धिका सिद्धान्त तथा प्रावधानहरूबारे बालबालिका र वयस्कहरूलाई विस्तृत जानकारी दिने र प्रचारप्रसार गर्ने जिम्मेवारी सरकारको हो ।

धारा- ४३ देखि ५४ सम्म महासन्धिलाई कार्यान्वयन गर्न राज्यपक्षको जिम्मेवारी बारे वर्णन गरिएको छ । जुन छोटकरीमा यसप्रकार छन् :

- महासन्धिमा भएका व्यवस्थाहरूको कार्यान्वयनलाई अनुगमन गर्न संयुक्त राष्ट्रसंघमा १८ जना विशेषज्ञहरू भएको एक समिति स्थापना रहनेछ । त्यस समितिलाई “बालअधिकार समिति” भनिन्छ । समितिले बिभिन्न देशहरूका बालअधिकारसम्बन्धी राष्ट्रिय प्रतिवेदनलाई अध्ययन एवम् छलफल गरी त्यो देशमा बालबालिकाको अधिकार राम्रो बनाउने उपायबारे सुझाव दिन्छ ।



- देशहरूले महासन्धि अनुमो दन गरेको पहिलो २ वर्षपछि प्रारम्भिक र त्यसपछि हरेक





५ वर्षमा आवधिक प्रतिवेदन बुझाउनुपर्दछ ।

- बालअधिकार समितिले बालअधिकारसम्बन्धी कुनै खास विषयमा विशेष अध्ययन गरी राज्यपक्षहरूलाई र संयुक्त राष्ट्रसंघको महासभामा प्रतिवेदन बुझाउँदछ ।
- महासन्धिलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न र अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन गर्नको लागि संयुक्त राष्ट्रसंघका विशिष्ट संस्थाहरू जस्तै: अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ), संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (युनेस्को) र संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) ले बालअधिकार समितिको बैठकमा उपस्थित हुन र समितिलाई चाहिने जानकारी दिन सक्दछन् । यी विशिष्ट संस्थाहरूलाई कुनै पनि देशले महासन्धिको पूर्ण कार्यान्वयनका लागि सहयोग गर्न अनुरोध गर्न सक्दछन् ।


## जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

**संयुक्त राष्ट्रसंघीय बालअधिकार समिति**

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेका देशहरूले गरेको प्रगतिलाई नियमितरूपमा समीक्षा गर्न संयुक्त राष्ट्रसंघमा एक समिति स्थापना भएको छ । सो समितिलाई संयुक्त राष्ट्रसंघीय बालअधिकार समिति भनिन्छ । यसलाई 'बालअधिकार समिति' मात्र भने पनि हुन्छ । बालअधिकार समितिमा बालअधिकारका क्षेत्रमा विशेष दक्षता भएका १८ जना विशेषज्ञ सदस्य रहन्छन् । राज्यपक्षले मनोनित गरेका व्यक्तिहरूमध्येबाट गोप्य मतदानबाट सदस्यहरू छानिन्छन् र उनीहरूले व्यक्तिगत हैशियतमा काम गर्दछन् ।

## बालअधिकार समितिमा नेपालले पठाएको बालअधिकार प्रतिवेदनहरू :

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४३ को व्यवस्थाअनुसार नेपालले बालअधिकार समितिमा हालसम्म पठाएका प्रतिवेदनहरूबारे तल उल्लेख गरिएको छ :



- नेपालले प्रारम्भिक प्रतिवेदन सन् १९९५ को अक्टोबर ४ तारिख (जसअनुसार मिति २०५२ साल असोज १८ गते) बुझाएको थियो । सो प्रतिवेदनमाथि सन् १९९६ को मे २९ र ३० तारिख (जसअनुसार मिति २०५३ साल जेठ १५ र १६ गते) छलफल भएको थियो ।
- नेपालले पहिलो र दोस्रो आवधिक प्रतिवेदन सन् २००३ को मार्च ४ तारिख (जसअनुसार मिति २०५९ साल फागुन २० गते) पेश गरेको थियो । सो प्रतिवेदनमाथि सन् २००५ को मे ३० तारिख (जसअनुसार मिति २०६३ साल जेठ १६ गते) छलफल भएको थियो ।
- नेपालले तेस्रो, चौथो र पाँचौ आवधिक प्रतिवेदन सन् २०१२ मा पठाएको छ । सो प्रतिवेदनमाथि छलफल हुन बाँकी नै छ ।

Disclaimer

This publication has been produced with the assistance of the European Union. The contents of this publication are the sole responsibility of Save the Children, CZOPP and Consortium and can in no way be taken to reflect the views of the European Union.





# टिपोट



# टिपोट





**थप जानकारीको लागि तथा पत्राचारको लागि सम्पर्क ठेगाना :**

सेभ द चिल्ड्रेन

नेपाल कन्ट्री अफिस

शम्भू मार्ग, सिनामंगल, काठमाण्डौं

पो.ब.नं. : ३३०४, काठमाण्डौं

फोन नं. : ०१-४४६८१२८

फ्याक्स : ०१-४४६८१२३

इमेल : post.nepal@savethechildren.org

वेवसाइट : www.savethechildren.net

बालसहभागिताका लागि कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम)

बिजुलीबजार, काठमाण्डौं

फोन नं. : ०१-४४९०२९७

इमेल : participation.consortium@gmail.com

वेवसाइट : www.consortium.org.np

बालबालिका शान्तिक्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान (सिजप)

शम्भू मार्ग, सिनामंगल, काठमाण्डौं

फोन नं. : ०१-४४६८१२८ (एक्सटेन्सन: ५०७, ५२०)

इमेल : coordinator@czop.org

वेवसाइट : www.czop.org

CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान